## सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड (पहिलो संशोधन) ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७ को दफा ५ मा संशोधनः सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७ (यस पछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका "राज्य मन्त्री" भन्ने शब्दहरु अघि "मन्त्री वा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ग) मा रहेका "तथा योजना" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) खण्ड (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (घ), (ङ) र (च) राखिएका छन् :-

"(घ) सम्बन्धित विषयमा कम्तीमा दश वर्ष अनुभव भएको विशेषज्ञ मध्येबाट समावेशी सिद्धान्तको आधारमा मन्त्रालयले मनोनीत गरेको एकजना महिलासहित तीनजना - सदस्य

(ङ) प्रदेश दुग्ध सहकारी संघ वा सो क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएको बोर्डले मनोनीत गरेको एकजना - सदस्य

(च) प्रदेशस्थित डेरीजन्य उद्योग सम्बन्धी संघ संस्थाको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएको बोर्डले मनोनीत गरेको एकजना - सदस्य"

(४) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) प्रदेशस्थित उपभोक्ताहरुको संघ संस्थाको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएको बोर्डले मनोनीत गरेको एकजना - सदस्य"

३. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,-

(१) खण्ड (घ) मा रहेका "लगातार पाँच पटक" भन्ने शब्दहरुको सट्टा "बिना सूचना लगातार तीन पटक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा ।"

४. <u>मूल ऐनको दफा ११ मा संशोधन:</u> मूल ऐनको दफा ११ को,-

(१) उपदफा (२) मा रहेका "छनौट गर्न" भन्ने शब्दहरु पछि "मन्त्रालयले" भन्ने शब्द थपिएको छ ।

(२) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

(घ) उपसचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(३) उपदफा (३) मा रहेका "तीन जनाको नाम" भन्ने शब्दहरु पछि "मन्त्रालय समक्ष" भन्ने शब्दहरु थपिएका छन् ।

(४) उपदफा (६) पछि देहायका उपदफा (७), (८), (९), (१०), (११), (१२) र (१३) थपिएका छन् :-

"(७) उपदफा (२) बमोजिमको छनौट समितिले उपदफा (३) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी छनौटका थप आधार र मापदण्ड तयार गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम तयार गरिएको थप आधार र मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाको लागि सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

(९) बोर्डले तोकेको र उपदफा (७) बमोजिम तयार गरिएको थप आधार र मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाका लागि आवेदन गर्ने उम्मेदवारहरु मध्येबाट योग्यताक्रम अनुसार कम्तीमा तीन जना छनौट गरी छनौट समितिले मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम सिफारिस भएका उम्मेदवारहरु मध्येबाट मन्त्रालयले योग्यताक्रमका आधारमा कार्यकारी निर्देशक नियुक्त गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम सिफारिस भएका उम्मेदवारहरु मध्येबाट एक जनालाई प्रदेश सरकार (मन्त्रिपरिषद्) ले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(१२) कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म मन्त्रालयले सम्बन्धित सेवा समूह मिल्ने कम्तीमा नवौं तहको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्न तोक्न सक्नेछ ।

(१३) उपदफा (२) बमोजिमको छनौट समितिले आवश्यकता अनुसार कर्मचारीको सहयोग लिन सक्नेछ।"

५. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डको योजना, कार्यक्रम, बजेट तयार गरी पेश गर्ने,

(ख) निर्णय कार्यान्यवन गर्ने गराउने,

(ग) कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(घ) अध्यक्षको निर्देशन बमोजिम बोर्ड बैठक बोलाउने,

(ङ) बोर्डको नीति एवम् रणनीति, योजना र कार्यक्रम तयार गरी बोर्डबाट स्वीकृत गराउने,

(च) भावी मार्गदर्शन एवम् कार्ययोजना स्वीकृतिका लागि बोर्डमा पेश गर्ने,

(छ) बोर्डका कर्मचारीहरुको जिम्मेवारी तोकी कामको सुपरीवेक्षण एवम् मूल्याङ्कन गर्ने,

(ज) बोर्ड बैठकले गरेका निर्णयहरु सरोकारवालालाई जानकारी गराउने,

(झ) बोर्ड कार्यालयबाट सम्पादित कार्यहरुको अनुगमन निरीक्षण गर्ने,

(ञ) बोर्डको सम्पत्तिको जिम्मा, त्यसको लगत संरक्षण, बरबुझारथ एवम् अभिलेख व्यवस्थापन गर्ने,

(ट) वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(ठ) प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउने,

(ड) बोर्डले तोकेका अन्य कार्य गर्ने ।"

६. मूल ऐनको दफा १५ मा संशोधनःमूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"**१५. अधिकार प्रत्यायोजनः** बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आवश्यकता अनुसार अध्यक्ष वा कार्यकारी निर्देशकलाई शर्त तोकी प्रत्यायोजन गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"**१७. बैठक भत्ताः** दफा ५, ९ र ११ बमोजिमका पदाधिकारी तथा सदस्यले बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।"

८. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१, २२ र २३ राखिएका छन् :-

"२१. **<u>नियम बनाउने अधिकारः</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आर्थिक प्रशासन सम्बन्धी नियम आर्थिक मामिला मन्त्रालय र कर्मचारी प्रशासन सम्बन्धी नियम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिएर बनाउन सक्नेछ ।

२२. **<u>विनियम बनाउने अधिकारः</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही बोर्डले आवश्यक विनियम बनाउन सक्नेछ ।

२३. **<u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः</u>** बोर्डको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्न बोर्डले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।"

प्रदेश सभाको सम्बत् २०७८ चैत्र २३ गते बुधबारका दिन बसेको नवौ अधिवेशनको तेस्रो बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति २०७९।०१।०४

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिति :- .........................

माननीय देवराज जोशी
प्रदेश प्रमुख